स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक।

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/८२

सूचना नं.: ०५ (कृषि विकास शाखा)

**कृषि विकास कार्यक्रममा आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०८/०९ गते)**

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि ईच्छुक मापदण्ड पुगेका कृषक/कृषक समूह/कृषि फर्म र कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८१/०८/२३ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | **हिउँदे फलफूलको** (किवी, स्याउ, नास्पती, ओखर, आरु, आरुबखडा, अनार, अंगुर, खुर्पानी, कागजी बदाम, हलुवावेद,लप्सी आदि) **विरुवा वितरण कार्यक्रम** | ५० | सिन्धुपाल्चोक जिल्लाको आ.व. २०८१/८२ को दररेट अनुसार ५०% कायम हुन आउने रकम | कृषक, कृषि फर्म, कृषि समूह र कृषि सहकारी |

**आवश्यक कागजातहरुः**

- अनूसुची-३ बमोजिम कार्यक्रम मागको निवेदन,
- अनूसुची-४ बमोजिम प्रतिबद्धता पत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि (समूह/सहकारीको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागि हुने सबैको),
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

**थप जानकारीको लागिः** हेलम्बु गाउँपालिकाको वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखामा ९८६०१६८१२०, ९८६२२०७८७३ सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसूची-३ र ४ हेलम्बु गाउँपालिकाको वेबसाईट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

..............................